# जोखिममा रहेका आप्रवासी समुदायलाई सेवा गर्नका लागि वेलकमिङ पिट्ट्सबर्गले $500,000 को COVID-19 नगद सहायता कार्यक्रमको लागि अनुदान प्राप्त गरेको छ

PITTSBURGH, PA (जुन 26, 2020) द मेयर्स अफिस अफ इक्विटिज वेलकमिङ पिट्ट्सवर्ग कार्यक्रमले COVID-19 नगद सहायता कार्यक्रमका लागि Open Society Foundations बाट  $500,000 अनुदान प्राप्त गरेको छ । यो कार्यक्रम आप्रवासी र शरणार्थी समुदायहरूको सेवा गरिरहेका स्थानीय सामुदायिक संस्थाहरूले सञ्चालन गर्नेछन् जसले संघीय प्रोत्साहन भुक्तानी प्राप्त नगरेका निवासीहरूलाई रकम वितरण गर्नेछन्।

यो अनुदानबाट प्राप्त रकम आवेदन प्रक्रियाको माध्यमबाट उनीहरूले सेवा दिने समुदायका परिवार र व्यक्तिहरूलाई सिधै वितरण गर्नका लागि वेलकमिङ पिट्ट्सबर्गको स्थानीय सामुदायिक साझेदारकहाँ जानेछ । यो कोषको निर्माणमा सहायता पुर्याउनेहरूमा एकल्चरेसन फर जस्टिस, एक्सेस एण्ड पिस आउटरिच, एसियन प्यासेफिक अमेरिकन लेबर अलायन्स, कासा न्यान जोस, जिविस फ्यामिली एण्ड चिल्ड्रेन सर्भिसेज र युनियन अफ अफ्रिकन कम्युनिटिज थिए । यी सामुदायिक संस्थाहरूसँग अन्य खालका सहयोग चाहिनेहरूका लागि थप सेवा र कार्यक्रमहरू उपलब्ध हुन सक्छन् ।

यो कार्यक्रममा रूचि राख्नेहरूले आवेदनको बारेमा वा भाषा पहुँचको सहायताको बारेमा थप जानकारीका लागि welcomingpgh@gmail.com मा सम्पर्क गर्नुपर्छ । यो अनुदान रकम अवका केही सातासम्म पहिले आउनेलाई पहिले प्रदान गर्ने गरी वितरण हुनेछ । भुक्तानी प्राप्त गर्नका लागि कुनै पनि अन्तर्वार्ता आवश्यक छैन ।

---